केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/१८/०७६/७७ मितिः २०७६/१२/१६

**इजाजतपत्रप्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

विश्वव्यापी रुपमा फैलिएको Covid-19 को महामारीको कारणले उत्पन्न असहज परिस्थितिवाट मुलुकको पर्यटन, उद्योग, व्यापार, व्यवसाय तथा वित्तीय क्षेत्र समेत प्रभावित हुने देखिएको सन्दर्भमा यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख","ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले देहाय बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका संस्थाले कायम गर्नु पर्ने अनिवार्य नगद मौज्दात कुल निक्षेप दायित्वको ३ (तीन) प्रतिशत कायम गरिएको छ।

२. यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुलाई प्रचलित ऐनमा भएको व्यवस्था अनुसार उपलब्ध गराईने कर्जाको ब्याजदर (बैंकदर) ५ प्रतिशत कायम गरिएको छ।

३. ब्याजदर करिडोरको माथिल्लो सीमाको रुपमा स्थायी तरलता सुविधा दर ५ प्रतिशत, नीतिगत दरको रुपमा रिपो दरलाई ३.५ प्रतिशत र तल्लो सीमाको निक्षेप संकलन दरलाई २ प्रतिशत कायम गरिएको छ।

४. बैंकले स्थापना गरेको पुनरकर्जा कोषको सीमा रु ६० अर्ब कायम गरिने छ।

५. २०७६ चैत्र महिनामा असुल गर्नु पर्ने मासिक/त्रयमासिक किस्ताहरुको (क्रेडिट कार्ड समेत) भुक्तानी २०७७ असार मसान्त सम्ममा हुने व्यवस्था मिलाउनु पर्नेछ। सो किस्ताको हकमा कुनै किसिमको थप शूल्क वा हर्जाना (Penal Charges, Penal Interest etc.) लिन पाइने छैन। किस्ता असुल नभएको कारणले कर्जालाई तल्लो वर्गमा वर्गीकरण गर्नु पर्ने छैन।

६. ऋणीले बुँदा नं. ५ बमोजिमको किस्ता २०७६ चैत्र मसान्त भित्रमा भुक्तानी गर्न आएमा चैत्र महिनामा भुक्तानी गर्नु पर्ने मासिक/त्रयमासिक व्याज रकममा १० प्रतिशत छुट दिई असुल उपर गर्नु पर्नेछ। यसरी व्याज छुट दिँदा आधारदर भन्दा कम गर्न पाइने छैन।

७. २०७६ चैत्र महिनामा नवीकरण गर्नुपर्ने कर्जाहरु नवीकरण नभएको आधारमा चैत्र मसान्तमा सुक्ष्म निगरानी वर्गमा वर्गीकरण गर्न अनिवार्य हुने छैन।

८. २०७६ चैत्र महिनामा भुक्तानी अवधी तोकिएका सम्पुर्ण चालुपुँजी प्रकृतिका अल्पकालीन कर्जाहरुको भुक्तानी अवधि ६० दिन सम्म थप गर्न सकिनेछ।

९. २०७६ पुस मसान्तसम्म ब्याज तथा साँवा नियमित भुक्तानी गरिरहेका पर्यटन तथा यातायात क्षेत्रका ऋणीहरुले अल्पकालीन कर्जाको माग गरेमा साँवा तथा ब्याज बक्यौता रहेता पनि

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३


आवश्यकताअनुसार निश्चित सीमासम्म संक्षिप्त प्रक्रिया अपनाई ५ दिन भित्र कर्जा प्रवाह गर्नुपर्नेछ। यस्तो सीमा स्वीकृत गर्दा ०.२५ प्रतिशत भन्दा बढी शुल्क लिन पाइनेछैन।

१०. Covid-19 को रोकथाम, नियन्त्रण तथा उपचारमा प्रयोग हुने स्वास्थ्य सेवा विभागले सूचीकृत एवं सिफारिस गरेको स्वास्थोपचार सम्बन्धी बस्तु तथा उपकरणहरु, औषधी, खाद्यान्न लगायत अत्यावश्यकीय मालबस्तु पैठारी तथा बिक्री बितरण सहज बनाउने प्रयोजनका लागि कर्जाको माग भएमा संक्षिप्त प्रक्रिया पुरा गरी ५ दिन भित्र कर्जा प्रदान गर्नु पर्नेछ।

११. विद्युतीय कारोबारलाई थप प्रभावकारी बनाउन र बढी भन्दा बढी सेवाग्राहीको पहुँच बढाउनका लागि service enable गर्ने, password reset, pin reset, authentication, verification, card renewal जस्ता अनलाइन कारोबार गर्न आवश्यक पर्ने कार्यहरुको लागि जोखिम व्यवस्थापन गरी ग्राहकको टेलिफोन तथा इमेल मार्फत प्राप्त भएका अनुरोधलाई अबिलम्ब स्वीकार गरी बिद्युतीय माध्यमबाट हुने कारोबारलाई प्रोत्साहन गर्नुपर्नेछ। साथै २०७७ असार मसान्त सम्म यस्तो सेवा प्रदान गर्दा कुनै पनि शुल्क लिन पाउने छैन।

१२. यस बैंकबाट स्वीकृति प्राप्त गरी २०७६ पुस वा चैत्र मसान्तसम्मका लागि ब्याज पुँजीकरण गरिएका ऋणीहरुको हकमा २०७७ असार मसान्त सम्मका लागि ब्याज पुँजीकरण गर्न सकिनेछ।

१३. बैंक जमानत जारी गर्ने संस्थाले beneficiary लाई भुक्तानी दिनुपर्ने रकम नेपाल सरकारबाट संक्रामक रोग ऐन, २०२० अन्तर्गत जारी आदेश समाप्त भएको मितिले ७ कार्यदिन भित्र भुक्तानी दिन सकिनेछ। साथै यस अवधिमा ग्राहकले बैंक जमानत नविकरण गर्न अनुरोध गरेमा कुनै शुल्क नलिइ यस्तो अवधिभरका लागी नविकरण गनुपर्नेछ।

१४. बैंक तथा वित्तीय संस्थाहरुले संघ र प्रदेशमा स्थापना भएका कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा योगदान गरेको रकम सामाजिक उत्तरदायित्व कोष (CSR)मा गणना गर्न सकिनेछ।

१५. Covid 19 को उपचारलाई समेत सहयोग पुग्नेगरी सेवा विस्तार र स्तरोन्नती गर्न चाहने निजी स्वास्थ्य प्रदायक संस्थाहरुलाई प्रवाह गरिने कर्जालाई प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत गणना गर्न सकिने छ।

१६. वित्तीय प्रणालीमा समग्र रुपमा परेको प्रभावलाई मध्यनजर गरी २०७६ चैत्र महिनामा अनुपालना गर्नुपर्ने नियामकीय/शुपरिवेक्षकीय अनुपातहरु अनुपालना नभएको खण्डमा कुनै हर्जाना लगाइने छैन।

१७. यस बैंकबाट प्रदान गरिने पुनरकर्जा सुविधा Covid-19 बाट प्रभावित साना तथा मझौला उद्यमीलाई प्राथमिकता दिईने छ। यस्तो पुनरकर्जा सुविधा चालु पुँजि कर्जाको लागी समेत प्रदान गरिनेछ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

१८. Capital Adequacy Framework 2015 मा व्यवस्था भए बमोजिमको Countercyclical Buffer लाई स्थगन गरिएको छ ।

१९. वैदेशिक रोजगारमा जाने अनुमति लिई जान नपाएका व्यक्तिले संक्रमणको जोखिम समाप्त भएपछि सहुलियतपूर्ण कर्जा लिइ उद्योग व्यवसाय संचालन गर्न चाहेमा निवेदन दिएको ७ दिन भित्र सहुलियतपूर्ण कर्जा उपलब्ध हुने व्यवस्था मिलाइने छ ।

भवदीय,

(देव कुमार ढकाल)
कार्यकारी निर्देशक